# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १४७ | काठमाडौं | सोमबार, ३१ भदौ २०८१ | Prabhab National Daily | Monday, September 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


अख्तियारको प्रतिवेदन

## भ्रष्टाचारसम्बन्धी ६५ प्रतिशत मुद्दामा सफलता



- एक वर्षमा विशेष अदालतमा २०१ वटा भ्रष्टाचारसम्बन्धी मुद्दा दर्ता
- एक हजार ५५४ प्रतिवादी, आठ अर्ब ४० करोडभन्दा बढी माग दाबी
- प्रतिवादी बनाइएकामा सरकारी कर्मचारी धेरै
- अख्तियारमा प्राप्त उजुरी सबैभन्दा बढी संघीय मामिला मन्त्रालयसँग सम्बन्धित

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेका भ्रष्टाचारसम्बन्धी मुद्दामध्ये ६५ प्रतिशतमा कसुर ठहरिएको पाइएको छ। आयोगले विगत वर्षहरूमा दर्ता गरेका आरोपपत्रहरूमध्ये गत आर्थिक वर्ष २०८०/८१ मा भएका फैसलामा यस्तो नतिजा देखिएको हो ।

आयोगले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्षको प्रतिवेदनअनुसार आयोगबाट विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका आरोपपत्रहरूमध्ये गत आर्थिक वर्षमा २३३ वटा मुद्दाको फैसला प्राप्त भएको छ । जसमध्ये ४५ पूर्ण र १०७ आंशिक गरी १५२ मुद्दामा कसुर स्थापित भएको आयोगले जनाएको छ । समग्रमा विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दामा ६५.२४ प्रतिशत कसुर ठहर भएको प्रतिवेदनमा उल्लेख छ ।

'विशेष अदालतबाट भएका फैसलाहरूमध्ये आर्थिक वर्ष २०८०/८१ मा ९२ वटा फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ,' प्रतिवेदनमा भनिएको छ ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले आयोगको ३४औं वार्षिक प्रतिवेदन आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेपछि सार्वजनिक गरिएको हो । शीतलनिवासस्थित राष्ट्रपति कार्यालयमा विशेष समारोहबीच प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गरिएको थियो । वार्षिक प्रतिवेदन बुझेपछि राष्ट्रपति पौडेलले सुशासन कायम गर्ने सन्दर्भमा भ्रष्टाचारजन्य कसुरको पहिचान गर्ने, अनुसन्धान तहकिकात र अभियोजनसम्बन्धी कार्यलाई वैज्ञानिक, तथ्यपरक र नतिजामुखी बनाउने कार्य बढी महत्त्वपूर्ण भएको उल्लेख गरे । यसका लागि आयोगको संस्थागत क्षमता, विकास र कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्दै आयोगका काम कारबाहीलाई पारदर्शी र प्रभावकारी बनाउन् अत्यावश्यक रहेको उनले बताए ।

(क्रमशः पृष्ठ २ मा)

# स्थानीय तहको उपनिर्वाचन १६ मंसिरमा

### कहाँ-कहाँ हुँदै छ उउपनिर्वाचन

**प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष**

१. प्रमुख- कीर्तिपुर नगरपालिका, काठमाडौं
२. अध्यक्ष- ग्रामथान गाउँपालिका, मोरङ
३. अध्यक्ष- महाबु गाउँपालिका, दैलेख
४. उपप्रमुख, नलगाड नगरपालिका, जाजरकोट
५. उपाध्यक्ष- गौरीशंकर गाउँपालिका, दोलखा
६. उपाध्यक्ष- स्वमीकार्तिक गाउँपालिका, बाजुरा
७. पुथा उत्तरगंगा गाउँपालिका, रूकुम पूर्व
८. जिल्ला समन्वय समिति प्रमुख, ओखलढुंगा
९. जिल्ला समन्वय समिति प्रमुख, कैलाली

**वडाध्यक्ष**

१०. लालिगुराँस नगरपालिका-८, तेह्रथुम
११. कन्काई नगरपालिका-६, झापा
१२. गढी गाउँपालिका-६, सुनसरी
१३. मोलुङ गाउँपालिका-५, ओखलढुंगा
१४. त्रियुगा नगरपालिका-१२, उदयपुर
१५. बेलका नगरपालिका-८ उदयपुर
१६. डाक्नेश्वरी नगरपालिका-४, सप्तरी
१७. धनुषाधाम नगरपालिका-१, धनुषा
१८. रामगोपालपुर नगरपालिका- २, महोत्तरी
१९. इशनाथ नगरपालिका-७, रौतहट
२०. राजपुर नगरपालिका-४, रौतहट
२१. गढीमाई नगरपालिका-८, रौतहट
२२. कीर्तिपुर नगरपालिका-१, काठमाडौं
२३. कीर्तिपुर नगरपालिका-४, काठमाडौं
२४. काठमाडौं महानगरपालिका-१६, काठमाडौं
२५. ककनी गाउँपालिका-२, नुवाकोट
२६. हेटौंडा उपमहानगरपालिका-१२, मकवानपुर
२७. गोरखा नगरपालिका-५, गोरखा
२८. मुसिकोट नगरपालिका-१, गुल्मी
२९. रून्टिगढी गाउँपालिका-१, रोल्पा
३०. ठाकुरबाबा नगरपालिका-४, बर्दिया
३१. दुल्लु नगरपालिका-१३, दैलेख
३२. तिलागुफा नगरपालिका-४, कालिकोट
३३. कुशे गाउँपालिका-७, जाजरकोट
३४. त्रिपुरासुन्दरी नगरपालिका-५, डोल्पा
३५. सानोभेरी गाउँपालिका-७, रूकुम पश्चिम
३६. सुर्मा गाउँपालिका-४, बझाङ
३७. पूर्वचौकी गाउँपालिका-६, डोटी
३८. दुहु गाउँपालिका-५, दार्चुला
३९. भीमदत्त नगरपालिका-६, कञ्चनपुर



स्थानीय तहको उपनिर्वाचन सम्बन्धमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित मन्त्रीहरूसँग छलफल आइतबार गर्दै निर्वाचन आयोगका पदाधिकारीहरू । *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले आगामी १६ मंसिरमा स्थानीय तहको उपनिर्वाचन गर्ने भएको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले देशभरका स्थानीय तहमा रिक्त ३९ वटा पदमा उपनिर्वाचन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

'निर्वाचन आयोगको सुझावको आधारमा आगामी मंसिर १६ गते उपनिर्वाचन गर्ने भन्ने छ,' उनले प्रभावसँग भने । आइतबार नै निर्वाचन आयोगका पदाधिकारीहरूले प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र गृहमन्त्री रमेश लेखकलाई भेटेर उपचुनावको मिति सुझाएका थिए । लगत्तै बसेको मन्त्रिपरिषद् बैठकले उपनिर्वाचनको मिति आयोगका पदाधिकारीको सुझावअनुसार टुंगो लगाएको हो ।

३० वैशाख २०७९ मा भएको निर्वाचनबाट निर्वाचित ३९ जना जनप्रतिनिधिको विभिन्न समयमा निधन भएपछि रिक्त रहेको पदका लागि उपनिर्वाचन गर्नुपर्ने अवस्था आएको हो । निर्वाचन आयोगका

- दुई जिल्ला समन्वय समिति प्रमुख, एक नगरप्रमुख, एक उपप्रमुख, दुई गाउँपालिका अध्यक्ष र तीन उपाध्यक्षसँगै ३० वडाध्यक्ष पदमा उपनिर्वाचन हुने
- आयोगका पदाधिकारीले दिएको सुझावका आधार मा मन्त्रिपरिषद् बैठकबाट उपनिर्वाचनको मिति टुंगो

प्रवक्ता नारायणप्रसाद सापकोटाले निर्वाचन प्रयोजनका लागि आयोगबाट अन्तिम मतदाता नामावली स्वीकृत गरी प्रकाशन गरेको मितिसम्ममा कुनै जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरूको पद रिक्त भएको अवस्थामा उपनिर्वाचन हुने बताए ।

आयोगले पछिल्ला दिनमा कोही जनप्रतिनिधिको निधन भएको भए जानकारी दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरिसकेको छ । अहिले रिक्त रहेका स्थानीय तहका पदको विवरण संकलन भइरहेको पनि उनले बताए ।

आयोगले यसअघि नै उपनिर्वाचनका लागि मतदाता नामावली विवरण अद्यावधिक कार्य सुरु गरेको छ । त्यसका लागि नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाअध्यक्ष पद रिक्त भएका स्थानीय तहमा १८ वर्ष उमेर पूरा भएका सबै नागरिकलाई मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगले आग्रह गरेको सापकोटाले बताए ।

आयोगका अनुसार उपनिर्वाचन गर्नुपर्ने एकमात्र नगरपालिका काठमाडौंको कीर्तिपुर हो । त्यहाँका मेयर राजकुमार नकर्मीको गत ११ साउनमा निधन भएको थियो । शुक्रबार रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाकी उपाध्यक्ष भूपेन्द्रा बुढाको बागलुङमा भएको सवारी दुर्घटनामा परी निधन भएको छ । उनको स्थानमा पनि उपनिर्वाचन हुने भएको छ ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## इजरायल जान १८४ जनाले नक्कली कागजात पेस गरेको पुष्टि

### कारबाही प्रक्रिया अगाडि बढाउँदै वैदेशिक रोजगार विभाग

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)मा जानका लागि पेस गरिएका नक्कली कागजात बनाउनेमाथि कारबाही प्रक्रिया अघि बढाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव मेघनाथ रिमालको संयोजकत्वमा बनेको छानबिन समितिले तयार पारेको प्रतिवेदनको आधारमा विभागले त्यस्ता नक्कली कागजात बनाउनेमाथि कारबाहीको प्रक्रिया अघि बढाएको हो ।

समितिले मन्त्रालयलाई बुझाएको प्रतिवेदनको आवश्यक अध्ययनपश्चात् श्रममन्त्री शरतसिंह भण्डारीले नक्कली कागजात बनाउनेहरूलाई कारबाही गर्न विभागलाई निर्देशन दिएका थिए । विभागका महानिर्देशकको नेतृत्वमा रहेको छनोट समितिको पहिलो बैठकले मन्त्रालयमा पेस भएको प्रतिवेदनका विषयमा छलफल गर्दै कैफियत देखिएका आवेदक र नक्कली कागजात बनाउनेमाथि कारबाही गर्ने निर्णयसमेत गरेको छ ।

विभागको निर्णयसहित अब श्रम मन्त्रालयका सचिवको नेतृत्वमा रहेको निर्देशन समितिको बैठकलेसमेत कारबाहीका लागि आवश्यक निर्देशन दिनसक्ने बताइएको छ । मन्त्रालयकै निर्देशनमा विभागले कारबाहीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको मन्त्रालयका प्रवक्ता एवं सहसचिव डण्डुराज घिमिरेले बताए । 'मन्त्रालयले तयार पारेको प्रतिवेदनको कार्यान्वयन विभागले गर्ने छ,' उनले भने, 'कैफियत देखिएका आवेदक र उनीहरूले पेस गरेका नक्कली कागजात बनाउनेहरूको खोजी गरी विभागले कारबाही गर्छ ।'




यस्तै विभागअन्तरगत रहेको इजरायल शाखाले पनि कैफियत देखिएका आवेदक र नक्कली कागजात तयार पारिदिनेमाथि मन्त्रालयको निर्देशनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको जनाएको छ । शाखाका निर्देशक गिरिराज ज्ञवालीले मन्त्रालयले तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि प्राप्त निर्देशनअनुसार निर्णय गरिएको बताए । उनका अनुसार समितिले छानबिन गरेका तीन हजार ४३१ आवेदनमध्ये १८४ वटामा कैफियत भेटिएको छ ।

विभागले गत असार ११ गते इजरायल रोजगारीका लागि दुई हजार केयर गिभरको आवेदन माग गरेको थियो । जसमा चार हजार २४ जनाको आवेदन परे पनि कागजात अपुग भएका र शंकास्पद कागजात भेटिएको भन्दै विभागले ५६३ जनाको आवेदन रद्द गरेको थियो । तत्पश्चात् विभागले तीन हजार ४६१ जनाको नाम छनोट गरेर गत साउन २१ गते 'नेमचेक' का लागि इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिबा) लाई पठाएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

## साउदीमा थप ५२ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ५२ जना नेपाली श्रमिकले बहिर्गमन 'एक्जिट' भिसा पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । एक्जिट भिसा दिन थालेयता चार हजार ५०० को हाराहारीमा नेपालीहरू स्वदेश फर्किसकेको दूतावासले जनाएको छ । एक्जिट भिसा प्रक्रिया निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रक्रिया गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।

यदि कुनै पनि अवस्थामा अठ्यारोमा परेका नेपालीहरूलाई आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न दूतावासले आग्रह गरेको छ ।




# सडक दुर्घटनामा कमी ल्याउन नागरिक समाजको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** नेपालको सडक सुरक्षामा क्रियाशील अभियानकर्मी र नागरिक समाजका अगुवाहरूले निरन्तर बढिरहेका सडक दुर्घटनाका घटनालाई दृष्टिगत गर्दै त्यसको रोकथामका लागि आवश्यक उपाय अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । यसबारे उनीहरूले आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

राष्ट्रिय सडक सुरक्षा रणनीतिको अनुमोदन र अधिकार सम्पन्न सडक सुरक्षा परिषद्को यथाशीघ्र गठनलगायत देशको सडक सुरक्षाको दिगो समाधान गर्न उनीहरूले माग गरेका छन् । 'गत असार २८ गते नारायणगढ-मुग्लिङ सडकमा गएको पहिरोमा दुई यात्रुवाहक बस हराएका छन्, त्यसमा सवार यात्रुको स्थिति अज्ञात छ । त्रिशूली नदीले बगाएको ठानिएका दुवै बस अझै भेटिएका छैनन्,' ज्ञापनपत्रमा उल्लेख छ ।

सडक सुरक्षामा क्रियाशील अभियानकर्ताहरूले देशैभरि विभिन्न नयाँ एवम् पुराना सडक मार्गमा सडकको अवस्था बिग्रेका कारण यातायात अवरुद्ध भएका, दुर्घटना भएका वा जोखिमपूर्वक यात्रा गर्न बाध्यता रहेको सन्दर्भमा उनीहरूले उद्धार र खोजी कार्य तीव्र पार्न तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन सम्पूर्ण सरकारी संयन्त्रलाई निर्देशन दिन सरकारसँग आग्रह गरेका छन् ।

'प्रहरीको तथ्यांकअनुसार विगत १० वर्षको अवधिमा मात्रै करिब २४ हजार जनाले सडक दुर्घटनामा परी ज्यान गुमाएका र करिब ७२ हजारभन्दा बढी गम्भीर घाइते भएका छन्,' ज्ञापनपत्रमा भनिएको छ। एकै वर्षमा करिब एक लाख व्यक्ति सडक दुर्घटनाबाट घाइते भई उपचारका लागि स्वास्थ्य संस्थामा आएको तथ्यांक छ। सडक सुरक्षा अनुसन्धानकर्ता डा. पुष्पराज पन्तले भने, 'सामान्य सडक दुर्घटनातर्फ धेरैको ध्यानाकर्षण नहुने अवस्था छ ।'

लाखौं व्यक्ति सडक दुर्घटनाका पीडा लिएर बाँचिरहेको पीडादायी अवस्था रहेको ज्ञापनपत्रमा उल्लेख छ। भारतलगायत छिमेकी देशले सडक दुर्घटनाबाट मृत्यु हुनेको संख्या घटाइरहेको सन्दर्भमा नेपालमा भने विगत १० वर्षमा मृत्युदर २५ प्रतिशतले वृद्धि भएको तथ्यांक छ । सडक दुर्घटना कम गरेर देशको सडक यातायात सुरक्षित भएको प्रत्याभूति गर्न सके नेपालमा पर्यटकलाई थप आकर्षित गर्न सकिने तथा देशको आर्थिक प्रगतिमा विशेष टेवा पुग्ने ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्रमा संयुक्त राष्ट्रसंघ पूर्वसहायक महासचिव कुलचन्द्र गौतम, जेनेभास्थित विश्व स्वास्थ्य संगठनका पूर्वनिर्देशक डा. शम्भु आचार्य, विश्व खाद्य कार्यक्रमको भारतस्थित कार्यालयका पूर्वप्रमुख विश्व पराजुली, राष्ट्रिय मानवअधिकार आयोगका पूर्वआयुक्त सुशील प्याकुरेल, डा. अरुणा उप्रेती, डा. चेतराज पन्तलगायतले हस्ताक्षर गरेका छन् ।

पृष्ठ १ बाट क्रमशः

## स्थानीय तहको...

मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष जयप्रकाश गच्छदारको निधन भएपछि त्यहाँ पनि उपनिर्वाचन गर्नुपर्ने अवस्था आएको छ । गच्छदारको निधन गत ३ असारमा भएको थियो । दैलेखको महाबु गाउँपालिकामा अध्यक्ष पद रिक्त छ। त्यहाँका अध्यक्ष लछुमन गुरुङको २७ माघ २०७९ मै निधन भएको थियो । उनले अध्यक्षको रूपमा करिब नौ महिनामात्रै कार्यभार सम्हाल्न पाए ।

दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष श्यामसुन्दर तामाङको निधन भएपछि रिक्त पदमा पनि उपनिर्वाचन हुने भएको छ । तामाङको हृदयघातका कारण ३१ असार २०८० मा निधन भएको थियो । बाजुराको स्वमीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष मैना जोशीको ४ माघ २०८० मै निधन भयो । मिर्गौलामा क्यान्सर देखिएकी उनको निधनपछि स्वमीकार्तिक खापर गाउँपालिकामा उपाध्यक्ष पदका लागि उपनिर्वाचन हुने भएको हो । यस्तै, यही ४ भदौमा हुम्लाको सर्केगाड गाउँपालिकाका उपाध्यक्ष चन्द्रसिंह कार्कीको सवारी दुर्घटनामा परी ज्यान गयो । उनको निधनपछि रिक्त उपाध्यक्ष पदमा पनि उपनिर्वाचन हुने भएको हो ।

१४ असोज २०८० मा जिल्ला समन्वय समिति ओखलढुंगाका प्रमुख डिल्लीराम खनालको निधन भएको थियो । दुई वर्षदेखि प्यान्क्रियाजको क्यान्सरबाट पीडित खनालको निधनपछि त्यहाँ पनि उपनिर्वाचन हुने भएको छ। कैलालीका जिल्ला समन्वय समिति प्रमुख पदमबहादुर कलेलको स्थानमा पनि उपचुनाव हुने भएको छ। उनको निधन २३ पुस २०७९ मै भएको हो । यसअघि नै मेयर, अध्यक्ष, उपाध्यक्षसँगै अन्य वडाध्यक्ष पदमा पनि चुनाव गर्न भनेर निर्वाचन आयोगले पनि सामान्य प्रशासन मन्त्रालयमा भदौ महिना अन्त्यसम्म रिक्त पदहरूको एकीकृत विवरण तयार गरेर पठाउन भनिसकेको छ ।

आयोगले उपनिर्वाचनका लागि कति बजेट लाग्छ, कति ठाउँ छन् भन्नेबारे अध्ययन गरिरहेको छ । मतपत्रबाहेक उपनिर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्री व्यवस्थापनको काम पनि भइरहेको छ। यसअघि नै प्रयोग भएका र बाँकी रहेका निर्वाचन सामग्री उपनिर्वाचनमा प्रयोग गरिने पनि प्रवक्ता सापकोटाले बताए। स्थानीय तह निर्वाचन ऐन, २०७३ को व्यवस्था अनुसार एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको जुनसुकै रिक्त पदमा प्रतिनिधि चयनका लागि निर्वाचन गराउनुपर्ने हुन्छ ।

## भ्रष्टाचारसम्बन्धी ६५ ...

### एक वर्षमा २०१ वटा मुद्दा दर्ता

आयोगले गत एक वर्षको अवधिमा विशेष अदालतमा कूल २०१ वटा मुद्दा दर्ता गरेको जनाएको छ। जसमा एक हजार ५५४ जनालाई प्रतिवादी बनाइएको छ। ती प्रतिवादीविरुद्ध आठ अर्ब ४० करोड छ लाख ४९ हजार रूपैयाँबराबरको बिगो मागदाबी गरिएको छ ।

आयोगले गत आवमा विशेष अदालतमा दर्ता गरेका मुद्दामध्ये गैरकानुनी लाभ हानिसँग सम्बन्धित ५८, घूससँग सम्बन्धित ४८, नक्कली शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ३४, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानीसँग सम्बन्धित ३३, राजस्व चुहावटसम्बन्धी १३, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ११ र विविध विषयका चारवटा छन् ।

उक्त आवमा आयोगमा विभिन्न माध्यमबाट २६ हजार ९१८ उजुरी प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका नौ हजार २६८ उजुरीसमेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३६ हजार १८६ रहेको छ। तीमध्ये ७६.५९ प्रतिशत उजुरी अर्थात् २७ हजार ७१४ उजुरी स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फस्र्योट गरिएको प्रतिवेदनामा उल्लेख छ।

### संघीय मामिलाको उजुरी सबैभन्दा बढी

प्राप्त उजुरीमध्ये सबैभन्दा बढी संघीय मामिला (स्थानीय तहसमेत) सँग सम्बन्धित ३८.९१ प्रतिशत छन् । यस्तै, शिक्षा (स्थानीय तहसमेत) १५.७९ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जन ६.९८, भूमि प्रशासन ६.४९, नक्कली शैक्षिक प्रमाणपत्र ४.७१, वन तथा वातावरण ३.८२, स्वास्थ्य तथा जनसंख्या ३.६८, भौतिक पूर्वाधार तथा यातायात ३.६१, गृह प्रशासन ३.५२ प्रतिशत र अर्थतर्फ २.१३ प्रतिशत उजुरी छन् ।

यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ २.१०, खानेपानी तथा सहरी विकास १.६१ र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरीहरू ६.६५ प्रतिशत रहेका छन् । आयोगले कूल उजुरीमध्ये ९३२ वटा उजुरीमाथि विस्तृत अनुसन्धान गरेको, १३ हजार ५०० उजुरी तामेलीमा राखिएको, ४९६ उजुरीउपर सुझाव दिई तामेलीमा र १२ हजार ७८६ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाहीका लागि लेखी पठाइएको जनाएको छ ।

आव २०८०/८१ मा एक हजार ५० वटा फाइलको विस्तृत अनुसन्धान सम्पन्न गरी आयोगमा पेस भएकामा कूल ८६ वटा बैठक बसी २०१ वटा मुद्दा दायर गर्ने निर्णय गरिएका थिए। विभिन्न विषयमा एक हजार २९४ वटा निर्णय भएका प्रतिवेनमा उल्लेख छ ।

आयोगका प्रवक्ता नरहरि घिमिरेकानुसार प्रतिवादी बनाएकामध्ये सरकारी कर्मचारी ५२०, निर्वाचित जनप्रतिनिधि १०६, मनोनीत पदाधिकारी १४८, राजनीतिक नियुक्ति ३२, लेखापढी व्यवसायी, विचौलिया, संघसंस्था र अन्य व्यक्तिहरू ७३९ जना छन् । यस्तै, सरकारी कर्मचारीमध्ये विशिष्ट श्रेणीका छ, सहसचिव वा सो सरहका ३०, उपसचिव ८२, शाखा अधिकृत २०२ र सहायकस्तरका २०० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता घिमिरेले जानकारी दिए ।

आयोगले आफ्नो टंगालस्थित कार्यालय एवं आयोग मातहतका कार्यालयहरू इटहरी, बर्दिबास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर तथा बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जबाट कार्यसम्पादन गर्दै आइरहेको छ । हाल आयोगमा कूल ९९० कर्मचारीको दरबन्दी रहेको छ। यस्तै, आयोगले ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धानसम्बन्धी अधिकारसमेत प्रत्यायोजन गरेको प्रतिवेदनमा उल्लेख छ । आयोगले भ्रष्टाचारसम्बन्धी उजुरीको प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान तथा भ्रष्टाचार देखिएका उजुरीमाथि विशेष अदालतमा आरोपपत्र दायर गर्ने र सो अदालतबाट भएको फैसलाउपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्दै आएको छ ।

## इजरायल जान...

तर, विभागले छनोट गरी पिबालाई पठाएको सूचीमा पनि नक्कली कागजात पेस गर्नेहरू रहेको भन्दै चौतर्फी प्रश्न उठेपछि मन्त्रालयले गत साउन २५ गते छानबिन समिति गठन गरेको थियो । यद्यपि मन्त्रालयले छानबिन गर्दैगर्दा विभागले पठाएको सूची समावेश गरी पिबाले लक्की ड्रमार्फत २२ सयको नामावली छनोट भएको सार्वजनिक गरेको थियो ।

पिबाले औपचारिकरूपमा लक्की ड्रमार्फत छनोट भएकाहरूको सूची भने नेपाल पठाइसकेको छैन । केयर गिभरमा आवेदन दिनेहरूको कागजातमा कैफियत देखिएको जनाउँदै मन्त्रालयबाट प्रतिवेदनमाथि आवश्यक निर्णय गरेपछिमात्रै पिबाले सूची पठाउने निर्णय गरेको बताइएको छ।

## श्री मालपोत कार्यालय चितवन, भरतपुरबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला साविक भद्रकाली गा.वि.स वडा नं. २ हालको कमलामाई नगरपालिका वाप्नं. २ बस्ने चन्द्र बहादुर पुलामी मगरको नाति लक्ष्मान पुलामी मगरको छोरा जीत बहादुर पुलामी मगरको नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक पदमपुरमा तपशिल बमोजिमको जग्गादर्ता रही निज जग्गा धनि जीत बहादुर पुलामी मगर मिति २०६८/११/०२ गतेका दिन देखी वेपत्ता वा मृत्यु भएको भनि सिन्धुली जिल्ला अदालतको प्र.प.नं. ०५ मिति २०८१/०३/२१ को बेपत्ता वा मृत्युको न्यायिक घोषणाको प्रमाण पत्र सहित निजको श्रीमती बेद कुमारी पुलामी मगरले बेपत्ता वा मृत्युको न्यायिक घोषणा भएका जीत बहादुर पुलामी मगरको नाममा रहे को तपशिलका जग्गाहरू म श्रीमती बेद कुमारी पुलामी मगरको नाममा एकलौटी नामसारी गरी पाउँ भनी सिन्धुली जिल्ला साविक भद्रकाली गा.वि.स. वडा नं. २ हालको कमलामाई नगरपालिका वडा नं. २ बस्ने वेद कुमारी पुलामी मगरको यस कार्यालयमा निवेदन परी मिति २०८१/०४/१८ को आदेशानुसार यो हक दावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम नामसारी गरी दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए वा वेपत्ता वा मृत्युको न्यायीक घोषणा गरीएका जग्गा धनि जीत वहादुर पुलामी मगर कहि कतै भए सप्रमाण म्यादभित्र स्वयम व्यक्ति मालपोत कार्यालय चितवन भरतपुरको मुद्दा र प्रशासन शाखामा उपस्थित भई दावी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भै जानेछ । पछि म्याद समाप्त भए पछि कहि कतै कसैको उजुर बाजुर लाग्ने छैन ।

| क्र.सं. | जग्गा धनिको नाम | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | नाता | नामसारी माग गर्नेको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | जीत बहादुर पुलामी मगर | पदमपुर चितवन | ९/क | ३१६ | ०-२-० | श्रीमान/श्रीमती | बेद कुमारी पुलामी मगर |

ईति सम्बत् २०८१ साल साउन १८ गते रोज शुभम् ।

## युएईमा रोजगार

कम्पनी : BILLAS CLEANING AND BUILDING MAINTENANCE LLC OPC

पूर्व स्वीकृति मिति २०८०/०८/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३० LT. No. 296219 चलानी नं.६०२११५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 10 | 0 | 1200 | ४५,१५५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Female | 0 | 7 | 1250 | ४५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## कतारमा रोजगार

कम्पनी : SABAILA CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०६/१८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३० LT. No. 293452 चलानी न. ६०२०८७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | ३१,३५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Administrative Manager | 2 | 0 | 5700 | २०७,९८० | | | | | | | |
| 3 | Business Executive | 1 | 0 | 4000 | १४५,९५० | | | | | | | |
| 4 | Driver | 1 | 0 | 2000 | ८७२,९७५ | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,२२० | | | | | | | |
| 6 | General Clean Worker | 5 | 1 | 1100 | ४०,१३५ | | | | | | | |
| 7 | General Supervisior | 2 | 0 | 3000 | १०९,४६० | | | | | | | |
| 8 | Labour | 1 | 0 | 1000 | ३६,४८५ | | | | | | | |
| 9 | Labour Services | 0 | 1 | 1100 | ४०,१३५ | | | | | | | |
| 10 | Representative | 2 | 0 | 2500 | ९१,२२० | | | | | | | |
| 11 | Sales Supervisor | 1 | 0 | 3000 | १०९,४६० | | | | | | | |
| 12 | Supervisior | 1 | 0 | 2500 | ९१,२२० | | | | | | | |
| 13 | Truck Driver | 2 | 0 | 2200 | ८०,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## रोमानियामा रोजगार

कम्पनी : WORK INN LOCATIONS SRL शहर : GIURGIU

पूर्व स्वीकृति मिति : २०२२/११/३० पुन विज्ञापन स्वीकृति मिति : २०२४/०९/१५ LT. No. 276931 चलानी नं . ६०१९२५०४

पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रु. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver (Female) | 0 | 5 | 600 | ७९,७८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८६,४३० | | | | | | | |
| 4 | Cook Helper | 15 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 5 | Factory Worker | 20 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 6 | Gardner | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 7 | General Worker | 40 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 8 | Housekeeper | 0 | 10 | 600 | ७९,७८५ | | | | | | | |
| 9 | Nanny | 0 | 5 | 650 | ८६,४३० | | | | | | | |
| 10 | Waiter | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
शाखा कार्यालय इटहरी, बि.पि.चोकमा मिति: २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ । सम्पर्क: ९८०२७१२०००/९८११३७९९९०
शाखा कार्यालय भरतपुर, चितवनमा मिति: २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ । सम्पर्क:९८५५०१९०७५/९८५५०१९०७४
नोट: Steel Fixer, Carpenter, Tig welder, Electrician, Plumber, Mason, Pizza Maker, Blacksmiths, Marble and Stone Grinder, CNC operator जस्ता विभिन्न पदमा माग भइ आएको हुनाले इच्छुक ले सम्पर्क गर्नु होला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
श्रम इजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com

## कतारमा रोजगार

कम्पनी : BUILDING INNOVATION TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०३/०२ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/३० LT. No.306595 चलानी नं. ६०२२१३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 6000 | २१९,९२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant | 1 | 0 | 1000 | ३६,६५५ | | | | | | | |
| 3 | Black Smith | 3 | 0 | 1500 | ५४,९८० | | | | | | | |
| 4 | Driver | 2 | 0 | 1500 | ५४,९८० | | | | | | | |
| 5 | General Clean Worker | 1 | 0 | 1000 | ३६,६५५ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ३६,६५५ | | | | | | | |
| 7 | Mason | 4 | 0 | 1200 | ४३,९८५ | | | | | | | |
| 8 | Nurse | 0 | 1 | 4500 | १६४,९४० | | | | | | | |
| 9 | Receptionist | 1 | 0 | 1500 | ५४,९८० | | | | | | | |

कम्पनी : AL HORAA

पूर्व स्वीकृति मिति २०८१/०२/२२ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/३० LT. No. 305919 चलानी नं. ६०२२०६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hanna Beautician | 0 | 3 | 1700 | ६२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# Bedkot Municipality

Office of Municipal Executive
Sisaiya, Kanchanpur
Sudurpakshim Province, Nepal

## Invitation For Bids

**Date of Publication : 2081/05/31 (16-Sep-2024)**

1. Bedkot Municipality, Office of Municipal Executive, Kanchanpur invites bid for eligible Medicine Suppliers for the following works :

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount With VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | 08/G/MI/081/082 | Procurement And transportation of Medical Items For Bedkot Municipality Health Branch | 90 days | 5,984,999.00 | 170,000.00 | 3000.00 |

| | |
|---|---|
| Further Information to bidders; | |
| Medicine Suppliers Experience Required (Minimum Required Number of Work) | Detailed Description In Bid Documents . SAMPLE OF MEDICAL ITEM SHOULD BE REGISTERED IN BEDKOT MUNICIPALITY HEALTH BRANCH BEFORE THE DEADLINE OF BID SUBMISSION |
| Last date and time of Bid Submission | 2081/06/30 (16-OCT-2024) (up to 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/06/30 ( 16-OCT-2024 ); at 2:00 PM, At Bedkot Municipality Office, Kanchanpur |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | NIC Asia, Daijee, GA1.1-ANTARIK RAJASHWA KHATA-BEDKOT NAGARPALIKA-1852050028240002 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Name of the Bank: NIC Asia Bank, Daijee, Kanchanpur **Name of Office**: Bedkot Municipality, Kanchanpur **Office Account No.** : I5CA052423252403 (Dharauti Khata) |

2. Bidders shall submit their Online only.
3. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
4. Further more information contact Health Section of Bedkot Municipality.

# बालबालिकाको अवैध ओसारपसार कायमै

काठमाडौं (प्रस)– गरिब, अशिक्षा र आधारभूत सेवासुविधाको अभावमा कर्णाली प्रदेशका हिमाली जिल्लाबाट अहिले पनि सयौंको संख्यामा बालबालिकाको ओसारपसार हुने गरेकाले त्यसलाई नियन्त्रण गर्न तीनै तहका सरकारहरू गम्भीर हुनुपर्नेमा जोड दिइएको छ । ६०औं बाल दिवसका अवसरमा आधार विकास नेपाल र हिमाली नवीन समाजद्वारा यहाँ आयोजित नेपालमा संस्थागत हेरचाहमा हुने बालबालिकाको ओसारपसार विषयक गोष्ठीका सहभागी वक्ताहरूले सो धारणा राखेका हुन् ।

नेपालमा संस्थागत हेरचाहसँग जोडिएर हुने बालबालिकाको बेचबिखन तथा ओसार पसारको नियन्त्रण तथा रोकथाम र कानुनी व्यवस्था नभएकाले देशका दुर्गम जिल्लाहरूबाट विभिन्न बहानामा बर्सेनि सयौंको संख्यामा बालबालिकाहरू आफ्ना परिवार समाजबाट बिछोडिनुपरेको छ । यसले ती बालबालिकाको अभिभावकसँग बिताउन पाउने नैसर्गिक अधिकारबाट बञ्चित हुनुको साथै उनीहरूले शारीरिक, मानसिक यातना सहनु परेकाले यसतर्फ ध्यान दिनुपर्ने वक्ताहरूको भनाइ छ ।

सो अवसरमा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री एवं नेपाली कांग्रेसका नेता जीवनबहादुर शाहीले कर्णाली प्रदेश जडीबुटी र खाद्यान्न उत्पादनको अपार सम्भावना रहे पनि त्यसको उपयोग गर्न नसक्दा गरिबीको अवस्था देखिएको उल्लेख गर्दै सामाजिक सोच र व्यवहारले पनि कर्णाली उपेक्षामा परेको बताए । उनले विगतमा धनीका




छोराछोरी बालमन्दिरहरूमा राखिने गरे पनि अहिले विपन्न र अशिक्षित परिवारका बालबालिकालाई विभिन्न प्रलोभनमा पारी राख्ने गरिएको र त्यहाँ रहेका बालबालिकाको शैक्षिक, स्वास्थ्य अवस्था राम्रो नभएकाले उनीहरूलाई परिवारमै बस्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

आधार नेपालका देशीय प्रतिनिधि प्रल्हाद ढकालले केही बालबालिकालाई उनीहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सुविधा दिने नाममा सहरमा ल्याउनुभन्दा जिल्लामै त्यो अवसर दिन सकिएमा परिवार, समाज र संस्कृतिसँगको सम्बन्धबाट उनीहरू विमुख हुन नपर्ने बताए । हिमाली नवीन समाजका कार्यकारी निर्देशक धनबहादुर लामाले देशका अधिकांश बालगृहहरू राज्यको मापदण्डअनुसार नरहेको उल्लेख गर्दै ती बालगृहहरूमा राखिएका बालबालिका थुप्रै समस्याबाट पीडित रहेकाले उनीहरूलाई परिवारमै पुनःस्थापित गर्न संस्थाले पहल गरिरहेको उल्लेख गरे ।

राष्ट्रिय बालअधिकार परिषद्का कार्यक्रम प्रबन्धक नमूना भुसाल, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता गौतम मिश्र, कानुन व्यवसायी डा. शिव पौडेल र आधार नेपालका प्रज्ञा लम्सालले बालबालिकासम्बन्धी विद्यमान कानुन, बालगृहको अवस्था र राज्यले अवलम्बन गर्नुपर्ने नीतिका बारेमा प्रस्तुतीकरण दिएका थिए । कार्यक्रममा केही वर्षअघि रुकुम टक्सेराबाट काठमाडौं ल्याइएकी वर्मा बुढामगरले आफूले ११ वर्षसम्म बालगृहमा रहँदा भोग्नुपरेका पीडाका बारेमा बोलेका थिए । सो अवसरमा हाम्रो घर हाम्रो परिवार नामक पुस्तकको पनि लोकार्पण गरिएको थियो ।

## वन्यजन्तुको आतंकः गाउँलाई बचाउन तारजाली

नेपालगञ्ज– वन नजिकै बसोबास भएको गाउँलाई वन्यजन्तुबाट बचाउन तारजाली लगाइएको छ । मानव-वन्यजन्तुबीचको द्वन्द्व रोक्न र स्थानीयका विभिन्न बालीमा नोक्सानी हुन नदिन बाँकेका तीन सामुदायिक वनमा तारजाली लगाइएको हो । शमशेरगञ्ज सब डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जिल्लाको राप्तीसोनारी गाउँपालिकामा रहेका अशोक सामुदायिक वन उपभोक्ता समूह, जनकल्याण सामुदायिक वन उपभोक्ता समूह र जनमुखी सामुदायिक वन उपभोक्ता समूहमा तारजाली लगाइएको जानकारी दिए ।

'वनसँग जोडिएका धेरै गाउँ छन्, तर अहिले चार गाउँलाई ध्यान दिएर तारजाली गरेका हौं, बजेट थप भएपछि अझै विस्तार गरिने छ,' उनले भने । जनमुखी सामुदायिक वनको तीनतर्फ वन भएको र बीचमा गाउँ रहेको उल्लेख गर्दै सुवेदीले सो स्थानमा बँदेलको आतंक रहेको जानकारी दिए ।

वन अधिकृत सुवेदीले बाँके राष्ट्रिय निकुञ्ज नजिकका तीन सामुदायिक वन उपभोक्ता समूहका वन क्षेत्रभित्र पर्ने कम्दी जैविक मार्गअन्तर्गतका मानव बस्तीका ४०० भन्दा बढी घरधुरी लाभान्वित हुनेगरी तारजाली लगाइएको बताए । तीन सामुदायिक वनका वन क्षेत्र र बस्तीबीच तीन हजार ८५० मिटर लम्बाइ रहेको तारजाली जडान गरिएको उनले उल्लेख गरे । त्यसबाट ४६७ स्थानीय घरधुरी लाभान्वित भएको वन अधिकृत सुवेदीको भनाइ छ ।

तारजाली जडान कार्यक्रमअन्तर्गत राप्तीसोनारी-२ टिकुलीपुरस्थित जनकल्याण सामुदायिक वन उपभोक्ता समूहमा एकीकृत भू-परिधि व्यवस्थापन आयोजना (इलम)सँगको समन्वयमा एक हजार ५०० मिटर तारजाली जडान गरिएको छ । १८ लाख ७८ हजार रूपैयाँ इलम र छ लाख ७० हजार २८९ रूपैयाँ समूहको गरी कूल २५ लाख ४८ हजार ६२९ रूपैयाँको लागतमा उक्त तारजाली निर्माण गरिएको उनले बताए ।

त्यसैगरी राप्तीसोनारी-२ मदुईस्थित अशोक सामुदायिक वन उपभोक्ता समूहमा पनि इलमको सहकार्यमा तारजाली जडान गरिएको छ । सो वन समूहमा एक हजार ५०० मिटर लामो तारजाली जडान गरिएको छ । त्यसबाट १३२ घरधुरी लाभान्वित भएका छन् । इलमको १२ लाख २० हजार ९७६ रूपैयाँ र समूहको नौ लाख ५९ हजार ३३७ रूपैयाँ गरी कूल २१ लाख ८० हजार ३१३ रूपैयाँ लागतमा तारजाली निर्माण भएको वन अधिकृत सुवेदीले उल्लेख गरे ।

अशोक सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भगानुसिंह थारुले तारजाली निर्माण भइसकेपछि स्थानीय पनि सुरक्षित भएको र बालीसमेत ढुक्कसँग भित्र्याउन पाएकामा खुसी व्यक्त गरे । उनले तारजाली हुनुभन्दा पहिले बाघ, बँदेल, स्याल तथा वनबिरालोलगायतका जनावरबाट क्षति व्यहोर्नुपरेकाले अहिले त्यसबाट छुटकारा मिलेको बताए । *रासस*

## बहुवर्षीय स्रोत सहमतिको विवरण उपलब्ध गराउन अर्थको ताकेता

काठमाडौं (प्रस)– अर्थ मन्त्रालयले बहुवर्षीय स्रोत सहमति र भुक्तानी गर्न बाँकी रहेको दायित्वको यकीन विवरण उपलब्ध गराउन मन्त्रालयहरूलाई ताकेता गरेको छ ।

अर्थ मन्त्रालयमा विकास तथा पूर्वाधारसँग सम्बन्धित मन्त्रालयका सचिवहरूसँग बैठक गरी स्रोत सुनिश्चित भएका र स्रोत सुनिश्चित नभएका बहुवर्षीय ठेक्का दायित्वको यकीन विवरण उपलब्ध गराउन निर्देशन दिइएको हो ।

त्यसैगरी अर्थ मन्त्रालयले भुक्तानी गर्नुपर्ने दायित्वको विवरण उपलब्ध गराउन पनि निर्देशन दिएको छ । उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बहुवर्षीय ठेक्का र भुक्तानी दिन बाँकी दायित्वमा समस्या देखिएकाले यकीन विवरण प्राप्त भएपछि उपयुक्त निर्णय गर्ने बताए ।


### रानी महल आलमदेवी केवुलकार प्रा.लि.का संचालकहरूलाइ शेयर रकम दाखिला गर्ने बारेको अत्यन्त जरूरी सूचना

यस रानी महल आलम देवी केबुलकार प्रा.लि. को मिति २०८१/३/१० को संचालक समितिको बैठकको निर्णय अनुसार प्रा.लि. को स्थापना गर्दा संस्थापक शेयरधनीहरु श्री मेख बहादुर सापकोटा र बेल वहादुर थापालाइ स्थापना कालमा तपाईहरूले लिन कवुल गरेको शेयर वापतको रकम अबिलम्ब कम्पनीमा दाखिला गर्नु भनी पटक पटक जानकारी गराउँदा समेत सम्पर्कमा नआउनु भएको हुँदा आफुले लिन कवुल गरेको सम्पूर्ण रकम, आजका मितिले ३५ (पैंतीस) दिन भित्र कम्पनीमा दाखिला गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ । अन्यथा कम्पनीको स्विकृत नियमावली बमोजिम हुने व्यहारा समेत जानकारी गराइन्छ ।

**विवेक लालुखड्का (अध्यक्ष)**

**इति सम्बत २०८१ साल आषाढ महिना १० गते रोज २ मा शुभम् ।**

### अधिकृत वारेशनामा बदर गरिएको बारेको सूचना

जिल्ला रूपन्देही साविक को भैरहवा न.पा. परिवर्तित सिद्धार्थ नगर न.पा. वडा नं.४ बस्ने चौधरी कुजडाको छोरा वर्ष ७२ को गुलाम हैदर कुजडा (ना.प्र.प.नं. ३७/६४१४ जारी मिति २०३४/४/३१, रूपन्देही)-१ र गुलाम हैदर कुजडा को श्रीमती वर्ष ६६ को जैनुल कुजडा मुसलमान समेत हामी २ जनाको नाममा संयुक्त रूपमा दर्ता कायम रहेको जिल्ला रूपन्देही सेमरी गा.वि.स. वडा नं. ९ ख कित्ता नं. ५२ को ज.वि. २-३-१ (दुइ बिघाहा तीन कठ्ठा एक धुर) जग्गा को सम्मानित रूपन्देही जिल्ला अदालत रूपन्देही बार मिति २०७६ साल आषाढ १२ गते बिहीबारका दिनमा जिल्ला मकवानपुर साविक हाँडिखोला गा.वि.स. वडा नं. ७ हाल परिवर्तित मनहरी गाउँपालिका वडा नं. ४ मसिने बस्ने काजिबाबु गोतामेको नाति गोपाल गोतामेको छोरा वर्ष ४२ को सन्तोष गोतामेलाइ दिएको अधिकृत वारेशनामा आजैका मितिदेखि लागु हुने गरी बदर गरी सोही बमोजिम को सुचना प्रकाशित गरि जानकारी गराइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

**गुलाम हैदर कुजडा**
**जैनुल कुजडा मुसलमान**
**सि. न. पा.-४, रूपन्देही**
**इति सम्बत २०८१ भाद्र महिना १४ गते रोज छ मा शुभम् ।**

### कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०५/३१ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ असोज १५ गते मंगलबार**का दिन सम्बन्धित शाखामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

#### लेकसाइड, कास्की शाखा

**१. ऋणीहरुको विवरण**

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०८/१८ मा दर्ता नं. २०३६९२/०७५/०७६ कायम भई दर्ता रहेको कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिप हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. ।**
**सञ्चालक - अर्जुन गुरुङ**

ख. प्राइभेट फर्म दर्ता ऐन, २०७८ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, गण्डकी प्रदेश, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा मिति २०७७/०६/३० मा प्रा.फ.र.नं. २००९९/०७७/०७८ स्थानीय व्यापार कायम भई दर्ता रहेको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिपसागर फार्मेसी ।**
**प्रोपाईटर - अर्जुन गुरुङ**

ग. **अर्जुन गुरुङ**
ना.प्र.नं.- ६०१९,
जारी मिति - २०४९/१२/०३ जि.प्र.का.कास्की
बाबु/बाजे - सन्त बहादुर गुरुङ/ बल बहादुर गुरुङ
स्थायी ठेगाना - कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ०१, (साबिक पोखरा गाँउ पञ्चायत, वडा नं. ०१)
हालको ठेगाना- ऐ.ऐ

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **अर्जुन गुरुङ**
ना.प्र.नं.- ६०१९,
जारी मिति - २०४९/१२/०३ जि.प्र.का.कास्की
बाबु/ बाजे - सन्त बहादुर गुरुङ/बल बहादुर गुरुङ
स्थायी ठेगाना- कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ०१, (साबिक पोखरा गाँउ पञ्चायत, वडा नं. ०१)
हालको ठेगाना- ऐ.ए

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **अर्जुन गुरुङ**को नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १ स्थित कित्ता नं. ६३ को क्षे.फ. २६४ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापतहरु समेत ।

#### विराटनगर, मोरङ शाखा

**१. ऋणीहरुको विवरण**

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग, वाणिज्य कार्यालय, विराटनगर , मोरङ्गमा मिति २०७१/०१/१४ मा प्रा.फ.र.नं. २६२२४ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा,. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **स्काई हार्डवेयर एण्ड जेनरल स्टोर**
**प्रोप्राईटर - छोटेलाल यादव**

ख. **छोटेलाल यादव**
ना.प्र.नं.- ८५१
जारी मिति - २०५५/०३/१२, जि.प्र.का. सिराहा
बाबु - जुगाई यादव
बाजे - बौएलाल यादव
पत्नी - सविता कुमारी यादव
स्थायी ठेगाना- सिरहा जिल्ला, मोहनपुरकमलपुर गा.बि.स/न.पा. वडा नं. ७
हालको ठेगाना- मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०३ (साबिक विराटनगर उ.म.न.पा., वडा नं. ४)

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **सविता कुमारी यादव**
ना.प्र.नं.- ०५३०८०/ज. ८७२
जारी मिति - २०६३/१२/१९, जि.प्र.का. मोरङ
बाबु - राम विलास यादव
बाजे- राम स्वरुप यादव
ससुरा - जुगाई यादव
पति - छोटेलाल यादव
स्थायी ठेगाना- मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १५
हालको ठेगाना- विराटनगर म.न.पा ३ (साबिक विराटनगर उ.म.न.पा. वडा नं. ०४)

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **छोटेलाल यादव**को नाममा मोरङ्ग जिल्ला, विराटनगर म.न.पा, वडा नं. ०१ स्थित कित्ता नं. ३०५३, ५०२२ र ५०२४ को क्षेत्रफल क्रमशः ०-०-१५-०, ०-०-१-२ र ०-०-०-१ घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **छोटेलाल यादव**को नाममा मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ०४ (साबिक अमाही इकाइ गा.वि.स., वडा नं. ०४ स्थित कित्ता नं. ९०६ र १०२३ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-३-७-० जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **स्काई हार्डवेयर एण्ड जेनरल स्टोर**को नाममा रहेको मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. १९ (साबिक झापा बैजनाथपुर ०१, मोरङ्ग) स्थित कित्ता नं. १४१ को क्षेत्रफल ३४० (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

#### लाहान, सिरहा शाखा

**१. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, लाहान, सिरहामा मिति २०७४/०७/२६ मा प्रा.फ.र.नं. ७०६३/२०७४/०७५ कायम भई दर्ता रहेको सिरहा जिल्ला, लाहान न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहेको **साईवावा गिप्ट एण्ड कस्मेटिक सेन्टर ।**
**प्रोप्राईटर - ममता कुमारी प्रधान**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **ममता कुमारी प्रधान**
ना.प्र.नं.- १५१०४२/९८
जारी मिति - २०६५/०८/०६ जि.प्र.का. सिरहा
बाबु - नागेन्द्र प्रधान
ससुरा - लक्ष्मी प्रधान महतो
पति- संजय कुमार महतो
स्थायी ठेगाना- सिरहा जिल्ला, बरियारपट्टी गा.बि.स वडा नं. ५,
हालको ठेगना.- ऐ.ऐ

२. **संजय कुमार महतो**
ना.प्र.नं.- ०३२३३६४०/४७४९५
जारी मिति - २०६०/०६/२९ जि.प्र.का. सिरहा
बाबु - लक्ष्मी प्रधान महतो
बाजे - जितन महतो
स्थायी ठेगाना- सिरहा जिल्ला, बरियारपट्टी गा.बि.स वडा नं. ५,
हालको ठेगना.- ऐ.ऐ

३. **जानकी महतो**
ना.प्र.नं.- ३६९
जारी मिति - २०४६/०३/०१ जि.प्र.का. सिरहा
बाबु - बौयो लाल महासेठ
ससुरा - जितन महतो
पति- लक्ष्मी प्रधान महतो
स्थायी ठेगाना- सिरहा जिल्ला, बरियारपट्टी गा.बि.स वडा नं. ५,
हालको ठेगना.- ऐ.ऐ

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **ममता कुमारी प्रधान**को नाममा मालपोत कार्यालय, लाहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, लाहान बजार गा.वि.स/न.पा वडा नं. ७ख स्थित कित्ता नं. ११७३ को क्षे.फ. ०-०-५.७५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **ममता कुमारी प्रधान**को नाममा मालपोत कार्यालय, लाहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, ब्रामाहान गोरछारि गा.वि.स/न.पा वडा नं. १क स्थित कित्ता नं. ५५८ को क्षे.फ. ०-१-०-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. **ममता कुमारी प्रधान**को नाममा मालपोत कार्यालय, लाहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरिया गा.वि.स/न.पा वडा नं. ४ स्थित कित्ता नं. ७९६ र ७९७ को क्षे.फ. कमश ०-०-१८-० र ०-०-९-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
४. **जानकी महतो**को नाममा मालपोत कार्यालय, लाहान सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, बरियारपट्टी गा.वि.स/न.पा वडा नं. ४क र ३ स्थित कित्ता नं. ३०८५ र ३१५१ को क्षे.फ. कमश ०-१-१८.५-० र ०-३-१५.५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

#### सुनवल, नवलपरासी शाखा

**१. ऋणीको विवरण**

**गीता पुन**
ना.प्र.नं.: ६४८८९
जारी मिति : २०५९/०५/०७, जि.प्र.का. नवलपरासी
ससुरा : देव बहादुर पुन
पति : नर बहादुर पुन
स्थायी ठेगाना: नवलपरासी जिल्ला, सुनवल गा.वि.स. वडा नं. ०३

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **गीता पुन**को नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. १/क स्थित कित्ता नं. १३४५ को क्षेत्रफल.०-१-० (वि-क-धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **नर बहादुर पुन**
ना.प्र.नं.: ६०२०५
जारी मिति : २०४८/०७/११, जि.प्र.का. नवलपरासी
बाबु : देव बहादुर पुन
बाजे : पञ्चवीर पुन
पत्नी : गीता पुन
स्थायी ठेगाना: नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ०१

२. **विमल पुन**
ना.प्र.नं.: ३६-०१-७०-१५९९५
जारी मिति : २०७०/१२/१८, जि.प्र.का. नवलपरासी
बाबु : नर बहादुर पुन
बाजे : देव बहादुर पुन
स्थायी ठेगाना: नवलपरासी जिल्ला, सुनवल गा.वि.स. वडा नं. ०३

३. **काली पुन**
ना.प्र.नं.: १८६९८
जारी मिति : २०४५/१०/०४, जि.प्र.का. नवलपरासी
बाबु : जंग बहादुर सिरीस
ससुरा : पञ्चवीर पुन
पति : देव बहादुर पुन
स्थायी ठेगाना: नवलपरासी जिल्ला, स्वाठी गा.वि.स वडा नं ०१

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ असोज १४ गते** भित्र बैंकको सम्बन्धित शाखामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ असोज १५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कवोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८१ असोज १५ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### दलीय शक्ति परीक्षणको मौका

मुलुक फेरि एकपटक निर्वाचनको माहोलतर्फ होमिँदै छ । आगामी दसैं तिहारलगत्तै स्थानीय तहको उपनिर्वाचन हुने भएको हो । आइतबारको मन्त्रिपरिषद् बैठकले आगामी १६ मंसिरमा उपनिर्वाचन गर्ने टुंगो लगाएको छ । विभिन्न स्थानीय तहमा रिक्त ३९ पदका लागि उपनिर्वाचन हुन लागेको हो । दुई जिल्ला समन्वय समिति प्रमुख, एक नगरपालिका प्रमुख, एक उपप्रमुख, दुई गाउँपालिका अध्यक्ष, तीन उपाध्यक्ष र ३० जना वडाध्यक्ष पदमा उपनिर्वाचन हुने छ ।

नेपालको संविधान र स्थानीय तह निर्वाचन ऐन, २०७३ अनुसार हुन लागेको निर्वाचनको राजनीतिक अर्थ छ । पहिलो, जनतामा पुराना राजनीतिक दल र ती दलहरूले पटक–पटक गठन गर्ने सरकारले 'डेलिभरि' दिन नसकेको आभास जनतामा परेको छ । त्यस्तो अवस्थामा ३० वैशाख २०७९ मा भन्दा मतदाताले स्वतन्त्र उम्मेदवारलाई रोज्छन् कि दलकै उम्मेदवारलाई रोज्छन् ? यो दलहरूलाई आफ्नो शक्ति परीक्षण गर्ने राम्रै अवसर बन्ने छ । यदि, स्वतन्त्र उम्मेदवारहरू ठाउँठाउँमा निर्वाचित भए २०८४ मा हुने स्थानीय निर्वाचनमा त्यसको प्रभाव कायम रहन सक्छ । तर, निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र हुने सुनिश्चितता सरकारले गर्नैपर्छ ।

चुनावलक्षित आचारसंहिताको पालनामा कडाइ गर्नुपर्दछ । विगतमा आमनिर्वाचन होस् या उपनिर्वाचन, दलहरूले आचारसंहिताको व्यापक उल्लंघन गरेका थिए । अर्को शब्दमा भन्दा साम, दाम र दण्डभेदको प्रयोग निर्वाचनमा भएको थियो । यस्तो गतिविधिले निरन्तरता पाए निर्वाचनको प्रभावकारितामाथि प्रश्न उठ्ने छ । यसकारण सम्भावित यस्ता प्रश्नको निवारण सरकारले गर्नुपर्दछ । उपनिर्वाचन दलहरूको अर्धवार्षिक परीक्षाजस्तै हो । दलहरू र ती दलबाट निर्वाचित जनप्रतिनिधिले कति जनप्रिय काम गरे ? त्यसको लेखाजोखा पनि उपनिर्वाचनमै हुने हो । यसकारण, उपनिर्वाचन दलहरू स्वयंका लागि पनि महत्त्वपूर्ण बन्ने छ । त्यही भएर निर्वाचन निष्पक्ष र शान्तिपूर्ण बनाउन सरकारको दायित्व हो ।

उपनिर्वाचनमा बढीभन्दा बढी मतदातालाई सहभागी गराउने वातावरण पनि बनाउन जरुरी छ । यो परिस्थिति सरकार र दलहरूले निर्माण गर्नैपर्छ । विगतमा ७० प्रतिशतभन्दा बढी मत अधिकांश स्थानीय तहमा खसेनन् । हुन त ३० वैशाख २०७९ मा उपनिर्वाचन हुँदा जनता खेतीमा थिए । यसपटक भने बाली उठाउने बेला उपनिर्वाचन हुने भएको हो । यस्तो अवस्थाबीच हुने निर्वाचनमा अधिकतम् मतदातालाई आफ्नो मताधिकार प्रयोग गराउने दायित्व निर्वाचन आयोगको हो ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइर हेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

# पहिरो रोकथामका लागि भेटिभर खेती



■ कृष्ण अधिकारी

> विश्वव्यापीरूपमै यो अभ्यास प्रभावकारी देखिएको विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन् । नेपालमा पनि केही वर्षयता पहिरो नियन्त्रण, भूक्षण रोकथाम तथा नदी कटान रोकथाममा भेटिभर लगाउन थालिएको छ । भेटिभरको तटबन्धले बाढीपहिरोका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ । नयाँ सडक निर्माण सक्नसाथ दायाँ-बायाँका भूभागमा यसलाई लगाए माटो बग्न र पहिरो झर्न रोकिन्छ ।

विश्वमै जलवायु परिवर्तनले संकट निम्त्याएको छ । यो संकटबाट नेपाल पनि अछुतो छैन । नेपाल आर्थिक समृद्धिका मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैं आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ । बाढी, पहिरो, नदी कटानजस्ता समस्या हरेक वर्ष बढ्दै गएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम/संकट निवारण तथा पुनर्लाभ व्युरोका अनुसार बाढी र पहिरो जोखिमको हिसाबले विश्वमा नेपाल ३०औं स्थानमा पर्छ । राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको पछिल्लो तथ्यांकअनुसार जलवायु परिवर्तनका कारण नेपालले पछिल्लो पाँच वर्षमा चार खर्ब रूपैयाँभन्दा बढी नोक्सानी बेहोरेको छ । तथ्यांकानुसार वार्षिक ८३ अर्ब रूपैयाँबराबरको क्षति हुने गरेको छ । जलवायुजन्य विपद्ले भौतिक पूर्वाधार, खाद्यसुरक्षा, रोग तथा कीटाणुलगायत विभिन्न माध्यमबाट क्षति पुऱ्याएको पाइएको छ ।

नेपालको भौगोलिक बनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ । एकातिर प्राकृतिकरूपमै बाढी, पहिरो, डढेलो, भूक्षयलगायत प्रकोपको समस्या देखिएको छ भने अर्कोतिर विकास निर्माणका नाममा गरिएका कार्यहरूले पनि यो समस्यालाई अझ बढाएको छ । त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष बढ्दै गएको छ । राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माणस्थल, नहर, नाली आदि भौतिक पूर्वाधारहरू निर्माण गर्दा बायो-इञ्जिनियरिङ प्रविधिलाई अनुशरण गरेको खण्डमा धेरै हदसम्म यो समस्यालाई न्यूनीकरण गर्न गर्न सकिन्छ । बायो-इञ्जिनियरिङमा सबैभन्दा उपयुक्त विकल्प भनेको त्यस्ता पहिरो वा बाढीको जोखिम रहेका स्थानमा भेटिभर वनस्पति लगाउनु हो ।

विश्वव्यापीरूपमै यो अभ्यास प्रभावकारी देखिएको विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन् । नेपालमा पनि केही वर्षयता पहिरो नियन्त्रण, भूक्षण रोकथाम तथा नदी कटान रोकथाममा भेटिभर लगाउन थालिएको छ । भेटिभरको तटबन्धले बाढीपहिरोका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ । नयाँ सडक निर्माण सक्नसाथ दायाँ-बायाँका भूभागमा यसलाई लगाए माटो बग्न र पहिरो झर्न रोकिन्छ । हाल ढलान स्थरीकरणको कार्यमा रिटेनिङ कंक्रिट पर्खाल प्रभावकारी नभएको उदाहरण मुग्लिन नारायणगढ सडकमा बर्षौंदेखि भोग्दै देख्दै आइरहेका छौं । पृथ्वी राजमार्गको कृष्णभीरको पहिरो होस् वा नारायणगढ-बुटबल खण्डमा पहिरोबाट सवारी दुर्घटना हुँदा धेरैको अकालमा ज्यान गएको छ । खासगरी वर्षायाममा देशका अन्य मुख्य वा ग्रामीण तथा कृषि सडकको तल वा माथिबाट जाने पहिरोले यातायात अवरोध हुने गर्दछ । त्यस्ता सडकका तल माथि भेटिभर लगाउन सकिएमा पहिरो र भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ ।

पहिरो पन्छाउन ठूलाठूला मेसिनको व्यवस्थापनभन्दा त्यस्ता सम्भावित ठाउँमा भेटिभर लगाउन सकिएमा पहिरो रोक्न बर्सेनि हुने करोडौं खर्चको बचत हुनुका साथै समस्याको दीर्घकालीन समाधान हुनसक्छ । ठूलाठूला जलविद्युत् आयोजना बनाउँदा आयोजना गृह आसपासमा भेटिभर लगाउँदा त्यसले जमिनलाई बजबुत गराउँछ । यसको राम्रो उदाहरण राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई मधेस द्रुतमार्गमा देख्न सकिन्छ । नेपाली सेनाले निर्माण गरिरहेको यस राजमार्गको चुरे क्षेत्रको विभिन्न ठाउँमा पाँच किलोमिटरभन्दा बढी सडकको दायाँबाँया भेटिभर नेपालद्वारा जैविक प्रविधिअन्तर्गत भेटिभर बिरुवा लगाइएको छ । भेटिभरले यहाँको भिरालो जमिनलाई बाढी, पहिरो तथा भूक्षय हुनबाट अत्यन्त प्रभावकारी भूमिका खेलेको छ ।

तराईमा तटबन्धका लागि सरकारले बर्सेनि अर्बौं रूपैयाँ लगानी गरे पनि त्यसले दिगो समाधान दिन सकेको छैन । बाढीले खेत पुरेर बगर बनाउँदा बर्सेनि खेतीयोग्य जमिन घट्दै गएको छ । त्यस्ता बाढीजन्य स्थानहरूमा नदी आसपास भेटिभर रोप्न सके कटानलाई रोक्न सकिन्छ । नेपालको तराई मधेसको अस्तित्त्व जोडिएको चुरे क्षेत्रको संरक्षणमा पनि भेटिभरको प्रवर्द्धन गर्न सकिन्छ । चुरेको अनियन्त्रित दोहनले गर्दा नेपालको अन्न भण्डारको रूपमा रहेको तराई भेगमा सुख्खा, खडेरी, बाढीलगायतका प्राकृतिक विपद्ले सधैं क्षति मच्चाउने गरेको छ । वन फडानी नियन्त्रण, वृक्षरोपण, नदीजन्य खनिज दोहन नियन्त्रण, जलस्रोतको संरक्षणलगायतका कार्यमार्फत चुरे विनास भइरहेको छ । १०औं चुरे संरक्षण दिवस २०८१ को अवसरमा चुरेको माटो चुरेलाई, चुरेको पानी सबैलाई भन्ने नारालाई आत्मसात् गर्ने हो भने पनि भेटिभरको प्रवर्द्धनमा लाग्नुपर्दछ । चुरे संरक्षण, यहाँको नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय नियन्त्रण गर्ने एकमात्र जैविक विकल्प भेटिभर हो भन्ने तथ्यलाई आत्मसात् गर्नु जरुरी छ ।



## के हो भेटिभर ?

भेटिभर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ । वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको छ । समुद्री सतहदेखि एक हजार ८०० मिटर उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा बढी गहिरोसम्म जान्छ । यो विषम् किसिमको माटोमा हुर्कने तथा सप्रने धेरै कम बिरुवामध्येको एक हो । यस घाँसको द्रुत वृद्धिदर, उच्च बायोमास, स्थानीय प्रजातिहरूमा गैरआक्रमक प्रभाव, प्रदूषणमा सहनशीलता र जराको विशिष्ट व्यवहारको कारणले महत्त्वपूर्ण छ ।

जुनसुकै हावापानी र जस्तोसुकै जमिनमा पनि उम्रनसक्ने एक प्रकारको झार अथवा घाँस हो, भेटिभर । झट्ट हेर्दा कुशजस्तो देखिने यो वनस्पतिको वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स हो । यसलाई खस-खस भनेर पनि चिनिन्छ । बाह्रैमहिना उम्रिने यो गुच्छेदार घाँस हो । साढे एक मिटरसम्म अग्लो हुने यसका पात उखुको जस्तै तर अलि साँघुरो हुन्छ । डाँठ सीधा र कडा हुन्छ । यसको टुप्पोमा स-साना खैरो प्याजी रङका फूल फुल्छ भने यसको सबैभन्दा महत्त्वपूर्ण भाग भनेकै जरा हो । भेटिभरले लामो समयसम्म खडेरी, बाढी, चरम तापक्रम, उच्चस्तरको लवणता, सोडियम बढी भएको, अम्लता, क्षारीयता र विषाक्त धातुहरूको विस्तृत शृंखलासहित चरम जलवायु परिवर्तन सहन सक्छ । कुनै पनि मौसम र आगोलेसमेत प्रभाव नपर्ने घाँस भएकाले जहाँ जहिले पनि लगाउन सकिन्छ ।

यो जति काटे पनि पुनः टुसाउने भएकाले वर्षौंसम्म यसको उपयोग हुनसक्छ । खडेरी प्रतिरोधी, नुनिलो र पानी जमेको स्थानमा पनि सजिलै फस्टाउँछ । यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा पानीका मुहान सुक्न दिँदैन । भूमिगत पानीलाई पुनःभरण गर्न पनि सहयोग गर्दछ । त्यसैले खेतीयोग्य ठूलो जग्गा बर्सेनि बगरमा परिणत भएकाले यस्ता जग्गालाई यसको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ । बाढीपहिरोबाट खेतीयोग्य जग्गा गुमाएका किसानलाई भेटिभरको सहयोगमा ठूलो राहत पुग्दछ । नदीतटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्णरूपमा सुस्त बनाइदिन्छ । नङले जसरी औंलाहरूको सुरक्षा गर्दछ, त्यसरी नै भेटिभरले माटोको संरक्षण गर्ने भएकाले भेटिभरलाई 'जिउँदो माटोको नङ'सँग पनि तुलना गर्न सकिन्छ ।

## कसरी हुन्छ पहिरो रोकथाम ?

भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ । यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन । छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ । जमिनमुनिको पानीको प्रवाहलाई फैलाउँछ र बलौटे माटो छान्दछ । भेटिभरको राम्रो गाँज (हेज) ले वर्षाको बहावलाई ७० प्रतिशतसम्म रोक्दछ भने बलौटेपन ९० प्रतिशतसम्म रोक्दछ । नदीतटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान रोक्न जैविक पर्खालको काम गर्दछ । यसको बिरुवा हुर्किएको छ महिनामा नै जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्दछ ।

यसको जरा, बलियो रेसेदार, एक झुण्ड भएर जमिनको १२ फिटभन्दा तल्लो सतहसम्म माटोलाई मजबुत पकड गर्दै गहिराइतर्फ जान्छ । दुई फिटसम्मको गाँज हुने भएकाले एक गाँजको जराले अर्को गाँजको जरासँगको सम्बन्ध बलियो बनाई माटोको रक्षा गर्दछ । जुनसुकै प्रकारको माटोलाई पनि यसको जराले मजबुत पकड गर्दै जमिनको तल्लो सतहसम्मको माटोलाई एकढिक्का गर्दछ । यसबाहेक नदीको धार परिवर्तनको रोकथाममा पनि यसले जैविक इञ्जिनियरिङको काम गर्छ । भिरालो जमिनमा लहरै रोपिएका भेटिभरले पानीलाई रोक्ने छेकवारको जस्तै काम गर्छ । यसले पानीको बहावको गति घटाउने र पानीलाई माटोमै शोषण गरी राख्ने भएकाले भूक्षय हुन दिँदैन ।

ढुंगा, बालुवा, मिस्कट भएको जमिनमा पनि यसको जराको झुण्डले ढलान स्थिरीकरण गर्दै कुनै प्रकोपले असर नपार्ने गरी पकड गर्छ । जमिनमाथि यो लगभग पाँच फिट उचाइसम्म जान्छ । चाँडो बढ्ने र जरा फैलने भएकाले कमजोर, बगिरहने माटोलाई निक्कै कडाइका साथ आपसमा जोडेर (बाइण्डिङ गरेर) राख्छ । जमिनमुनि तारजालीजस्तै १० फिटसम्म जानसक्ने भएकाले रोपेको ठाउँमा पहिरो जाने सम्भावना नै हुँदैन भने नदी आसपासमा लगाए कटानलाई सजिलै नियन्त्रण गर्न सकिन्छ ।

भेटिभरको उच्च वाष्प ट्रान्सपिरेसन क्षमताको कारणले ओसिलो खपत हुन्छ र प्रदूषकहरूले बोटको वृद्धिलाई इन्धन गर्न सूक्ष्म र म्याक्रोपोषक तत्त्वको रूपमा काम गर्दछ । जमिनको पानी र सतहको पानीका स्रोतहरूलाई थप संरक्षण हुन्छ । यसले पहिरो पुनर्वास र रोकथाम, जलाधार संरक्षण, नदी किनारा र तटीय संरक्षण गर्छ । भेटिभर यसको जरा संरचना र कठोर वातावरणीय अवस्थाहरूमा सहिष्णुताजस्ता अन्य विशेषताहरूका कारण यो समस्या समाधान गर्नका लागि विशेषरूपमा उपयुक्त छ ।

## विश्वमा भेटिभरको प्रयोग

अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ । विश्वमा बाढी, पहिरो, सडकको दायाँबायाँ, नदी किनार, सिँचाइ नहर र तटीय क्षेत्रहरूको संरक्षणमा पनि यसको प्रयोग भइरहेको छ । सन् १९९४ मा अस्ट्रेलियाको क्विन्सल्यान्डमा ल्यान्डफिल लिचेट नियन्त्रणका लागि भेटिभर घाँस प्रयोग गरिएको थियो । त्यसबेलादेखि यो अस्ट्रेलिया, चीन, भारत, मेक्सिको, नाइजेरिया, फिलिपिन्स, दक्षिण अफ्रिका, थाइल्यान्ड, अमेरिका र भियतनाममा व्यापकरूपमा प्रयोग गरिँदै आएको छ । भारी धातु र नुन भएको लिचेट (दूषित)लाई भेटिभरको अद्वितीय विशेषताहरूले उपचार गर्दछ । भारत, अमेरिका, केन्या, थाइल्यान्डलगायतका मुलुकका सडक र नदी किनारमा भूक्षय रोक्न भेटिभरको प्रसस्तरूपमा रोपण गरिएको छ । भारतको आन्ध्र प्रदेशमा गरिएको प्रयोगले पानीको बहावमा ६९ प्रतिशत र भूक्षयमा ७६ प्रतिशत कमी आएको देखाएको छ । भेटिभरको प्रयोगले भूक्षयलाई प्रतिहेक्टर ११ टनबाट तीन टनसम्म घटाएको पाइएको छ ।

सन् २००५ मा ब्रिसबेन, अस्ट्रेलियामा ल्याण्डफिल साइटको छ हेक्टर क्षेत्रफलमा रोपिएको भेटिभरले उत्कृष्ट नतिजा दिएको थियो । विश्वका धेरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान सावित भएको छ ।

## अन्य उपयोगिता

भेटिभरको प्रयोग बाढीपहिरो नियन्त्रणमा मात्र नभई अन्य विभिन्न उपयोगमा ल्याउन सकिन्छ । जमिनमा रहेका दूषित तत्त्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी पानीका मुहान संरक्षण गर्न पनि मद्दत गर्छ । बागमती, विष्णुमतीजस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी जैविक अस्त्रका रूपमा अग्रणी रहनसक्छ । बाँझो, बञ्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदूषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो । यसको जराले धमिलो पानीलाई समेत छानेर सफा बनाउँछ । ल्यान्डफिल साइटहरूमा धेरै पानी लिने केरा र उखुभन्दा पनि यो वनस्पति उत्तम देखिएको छ । घना र तिखारिएका पात हुने भएकाले कुनै जीवजन्तुले पनि नखाने हुँदा खेतबारीमा बारको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसर सिर्जना गर्नु हो । खेतीयोग्य ठूलो जग्गा बर्सेनि बगरमा परिणत भएकाले यस्ता जग्गालाई भेटिभरको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ । नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ । भेटिभरको खेती गरेपछि बगर जग्गा उर्वरभूमिमा परिणत हुन्छ । बाढीले बगरमा परिणत गरेका जग्गाधनी किसानलाई पनि रोजगारीको अवसरमा जोड्न सकिन्छ । खेतबारीको बीच भागमा अन्य खेती गरे पनि यसलाई वरिपरि बारको रूपमासमेत लगाउन सकिन्छ । आगो लगाउँदासमेत नमासिने हुँदा यसले वनजंगलमा लाग्ने डढेलो नियन्त्रणमा पनि सहयोग पुग्दछ ।

भेटिभर हरित इन्धनको एक महत्त्वपूर्ण स्रोत पनि हो । भेटिभरलाई हरित इन्धन उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ । यसबाट बायोमास, बायोग्यास र बायो सिएमजी उत्पादन गर्न सकिन्छ । हाल नेपालले वार्षिक झण्डै तीन खर्ब रूपैयाँको खनिज इन्धन आयात गरिरहेको छ । ग्रामीण क्षेत्रमा दाउरा मुख्य ऊर्जाका रूपमा प्रयोग भइरहेका अवस्थामा भेटिभरबाट उत्पादन हुने ब्रिकेटले रुख कटान नियन्त्रण गर्न भूमिका खेल्छ । त्यतिमात्र होइन, भेटिभरको डाँठबाट विभिन्न हस्तकलाका सामान र जराबाट अत्तर बनाउन सकिन्छ । भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७ वटा लक्ष्य पूरा गर्न सहयोग पुग्दछ । गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैंगिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवर्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले महत्त्वपूर्ण योगदान दिन सक्दछ । *रासस*

# प्रभाव दैनिक

रूपशाला


## 'काँधेकुरी' सार्वजनिक

चलचित्र 'पूर्ण बहादुरको सारंगी'को गीत सार्वजनिक भएको छ । निर्माणपक्षले युट्युबमार्फत आइतबार 'काँधेकुरी' बोलको गीत सार्वजनिक गरेको हो । सार्वजनिक गीतमा प्रशान्त शिवाकोटीको शब्द, संगीत र स्वर रहेको छ । शिक्षाविनाको जिन्दगी रातजस्तै अँध्यारो रहेको भन्ने गीतले छोराको उज्ज्वल भविष्यका लागि बुवाले गर्ने संघर्षको कथा देखाएको छ ।





# पलेशालाई गण्डकी सरकार र पोखरा महानगरको सम्मान

■ प्रभाव संवाददाता



**कास्की–** पारा ओलम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी तेक्वान्दो खेलाडी पलेसा गोवर्धनलाई आइतबार पोखरामा नगदसहित सम्मान गरिएको छ । नेपाल तेक्वान्दो संघले आइतबार पोखरा रंगशालामा आयोजना गरेको सम्मान कार्यक्रममा गण्डकी प्रदेश सरकारले पलेसलाई एक लाख ५० हजार रूपैयाँ, पोखरा महानगरपालिकाले दुई लाख २२ हजार २२२ रूपैयाँ तथा नेपाल तेक्वान्दो संघ कास्कीले ५० हजार ५०० रूपैयाँ र सम्मानपत्रबाट सम्मान गरेका हुन् ।

गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा र पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सो सम्मान प्रदान रेका हुन् । नेपाललाई पारा ओलम्पिकमा ऐतिहासिक पदक दिलाएकी गोवर्धनले तेक्वान्दोको ५७ केजीभन्दा कम तौलको प्रतिस्पर्धामा सर्वियाली खेलाडीलाई पराजित गरी कास्य पदक जितेकी थिइन् ।

पलेशा ओलम्पिक प्रतिस्पर्धामा पदक जित्ने पहिलो नेपाली खेलाडीसमेत हुन् । सन् २०२१ को एसिया युथ पारा गेम्समा स्वर्ण जितेकी पलेसाले सन् २०१० देखि तेक्वान्दो खेल्न सुरु गरेकी हुन् ।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले पलेशालाई गण्डकी प्रदेश सरकारले मासिक भत्ता उपलब्ध गराउने घोषणा गरे । उनले भने, 'प्रदेश सरकारले गण्डकी प्रदेशका ओलम्पियनहरूलाई गत वर्षबाट मासिक भत्तासहित सम्मानको कार्यक्रमलाई अघि बढाएको छ । पलेशा नेपाली खेलकुदमा इतिहास रच्ने खेलाडी भएको नाताले गण्डकी प्रदेशको खेलाडी नभए पनि उनलाई मासिक भत्ता उपलब्ध गराउने घोषणा गर्दछु ।' गण्डकी प्रदेश सरकारका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले पलेशाको ऐतिहासिक उपलब्धिले खेल क्षेत्रमा नयाँ सञ्चार गरेको बताए ।

पोखरा महानगरका प्रमुख आचार्यले महानगर राष्ट्रको गहनाका रूपमा रहेका खेलाडीहरूको साथमा रहेको बताए । उनले भने, 'नेपालले लामो समयदेखि ओलम्पिक गेम्समा सहभागिता जनाउँदै आएको छ तर अहिलेसम्म पदक तालिकामा नेपालको नाम चढेको थिएन, पलेसाले त्यसको अभावलाई सम्बोधन गर्ने स्थानमा पुऱ्याएकी छन्, यो सिंगो मुलुकका लागि गर्वको विषय हो । पलेसालगायत खेलाडीहरूको प्रोत्साहन र हौसलाका लागि महानगर सधैं साथमा छ ।' प्रमुख आचार्यले भविष्यमा हुने कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालका खेलाडीहरूको प्रेरणाको स्रोतको रूपमा पलेशाको सफलता महत्त्वपूर्ण हुने बताए ।

# गुरूङ भाषाको पुस्तक 'तमू क्युई' लोकार्पण



**चितवन (प्रस)–** गुरुङ भाषाको कक्षा सञ्चालनका लागि तमू हचुल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्ले तयार पारेको पाठ्यपुस्तक 'तमू क्युई' पुस्तकको लोकार्पण भएको छ । पुस्तकको शनिबार तमू हचुल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्का बागमती प्रदेश प्रमुख गणेशबहादुर गुरुङले लोकार्पण गरेका हुन् ।

पुस्तकमार्फत सिकाइ प्रभावकारी हुने देखिएपछि तमू हचुल छोंज धींले पहिलोपटक पुस्तक प्रकाशन गरेको पुस्तक प्रकाशन समितिका संयोजक कृष्णबहादुर गुरुङले बताए । पुस्तकका लेखक तुलमान गुरुङले गुरुङ भाषामा भेगीय भिन्नता पाइने हुँदा भाषामा एकरूपता नभएको बताए ।

यसैबीच तमू हचुल छोंज धीं गुरूङ राष्ट्रिय परिषद्ले शनिबारदेखि तमू भाषा कक्षा सञ्चालन गरेको छ । गुरुङ समुदायमा आफ्नो मातृभाषा बोल्नेहरूको संख्या कम हुँदै गएपछि यसको संरक्षणका लागि कक्षा नै सञ्चालन गर्नुपरेको हचुल छोंज धींकी अध्यक्ष विमलादेवी गुरुङले बताइन् । हचुल छोंज धींले भाषा नजान्नेहरूका लागि गत वर्षदेखि नियमित कक्षा सञ्चालन गर्न थालेको हो ।

# प्रधानसेनापति ट्रफी सुरू



**काठमाडौं (प्रस)–** नेपाली सेनाले वार्षिकरूपमा सञ्चालन गर्दै आएको प्रधानसेनापति ट्रफी सुरु भएको छ । सैनिक मुख्यालय जंगी अड्डापरिसरको खेलमैदानमा आइतबार प्रधानसेनापति अशोकराज सिग्देलले प्रतियोगिताको औपचारिक शुभारम्भ गरे ।

आगामी असोजसम्म सञ्चालन हुने प्रतियोगितामा आठ विधामा प्रतिस्पर्धा हुने छ । जंगी अड्डालगायत उपत्यकाका विभिन्न वाहिनी, गण, तालिम केन्द्र, पृतनामा फुटबल, भलिबल, बास्केटबल, एथ्लेटिक्स, बक्सिङ, तेक्वान्दो, पौडी र जुडो खेल सञ्चालन हुने छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले नेपाली सेनाले विसं २०६५ देखि प्रत्येक वर्ष प्रतियोगिता सञ्चालन गर्दै आएको छ । खेलको माध्यमबाट मित्रताको विकास गर्ने अवधारणाअनुसार सैनिक नागरिक सम्बन्ध प्रगाढ तुल्याउने प्रतियोगिताको लक्ष्य रहेको छ ।

यसैबीच, प्रतियोगिताको उद्घाटनका अवसरमा पुरुषतर्फ एक हजार ५०० मिटर दौडमा रामचन्द्र बानियाँ र महिलातर्फ एञ्जिला कार्की प्रथम भएका छन् । कार्यक्रममा खेलाडीबाट विभिन्न खेल कौशल प्रदर्शन गरिएको थियो ।


## साउदीमा रोजगार

कम्पनी : Aziza Abdelhadi Al Abdelhadi Gen. Cont. Est.
शहर : Al Hofuf, Al Ahsa

पूर्व स्वीकृति मिति : २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/30 | LT. No. 303101 | चलानी नं.६०२२५३८२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Packaging Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packaging Worker. | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

